प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. १, विराटनगर


मितिः- २०७७/०३/१४

प. सं. २०७६/७७
च. नं. ४३८

विषयः- प्रदेश सरकारबाट हस्तान्तरण भएको अनुदान निकासा र स्थानीय तहमा संकलन भएको राजस्व प्रदेश सञ्चित कोषमा दाखिल गर्ने सम्बन्धमा ।

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका सबै,
१४ जिल्ला, प्रदेश नं. १

प्रस्तुत विषयमा प्रदेश सरकारबाट चालु आ.व.२०७६/७७को लागि विभिन्न मितिका निर्णयबाट तहाँ स्थानीय तहमा सशर्त अनुदान (निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रममा समेत), समपूरक अनुदान र विशेष अनुदानबाट कार्यान्वयन हुने आयोजना/कार्यक्रमका लागि पहिलो/दोस्रो किस्ता रकम समेत निकासा गरी अनुदान हस्तान्तरण गरिएको विदितै छ ।उक्त आयोजना/कार्यक्रममा पहिलो/दोस्रो किस्ताले अपुग भै भुक्तानी गर्न बाँकी रकम शोधभर्ना निकासा दिइने भएकोले खर्चको आधारमा मात्र बाँकी अनुदान निकासा माग गर्नका लागि प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं.१ विराटनगरमा विवरण पठाउने व्यवस्था गर्नु गराउनुहुन अनुरोध छ । साथै तहाँ स्थानीय तहबाट संकलन भई प्रदेश सरकारलाई बाँडफाँट गरी पठाउनुपर्ने राजस्व प्रदेश सञ्चितकोषमा दाखिल हुने व्यवस्थाको लागि अनुरोध छ । प्रदेश सरकारलाई पठाउनुपर्ने राजस्व बाँडफाँटको रकम नपठाएमा स्थानीय तहलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी हिसाब समायोजन गरिने जानकारी स्थानीय तहमा पठाउने भनी प्रदेश सरकार (मा.मन्त्रीस्तर)को मिति २०७७/०३/१४ मा निर्णय भएको व्यहोरा अनुरोध छ ।

.....२०७७।३।१४.....
विदुर पौडेल
शाखा अधिकृत
अधिकृतस्तर (सातौं)

बोधार्थ/कार्यार्थः
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.१, विराटनगर ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय प्रदेश नं.१, विराटनगर ।